बैठक सङ्ख्या : ३७

मिति : २०८१।११।१८ गते

समय : दिनको ०३:०० बजे

स्थान : पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय

आज मिति २०८१ साल फागुन महिनाको १८ गते आइतबार दिनको ३:३० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको ३७ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| नरपुरा बुढा पुन | उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जगत घर्ती | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| संखे सेन | ६ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| कुमार सिंह | ११ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा | १४ नं. वडा अध्यक्ष |
| मल्ति पुन | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| देविका सुनार | १२ नं. का.वा. अध्यक्ष |
| माल बहादुर | १० नं. का.वा. अध्यक्ष |
| ध्रुव वि.क. | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |
| हिक्मत पोर्तेल | कम्प्युटर अपरेटर |

**३७ औं गाउँ कार्यपालिका बैठकका एजेण्डाहरू :**

१. अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा ।

२. समपुरक अनुदान सम्बन्धमा

३. योजनाहरुको कार्यन्वयन सम्बन्धमा ।

४. कार्यविधि अनुमोदन सम्बन्धमा ।

५.०८०।०८१ को बेरुजु प्रतिवेदन सम्बन्धमा ।

६.पाहुनाघरको संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

७. छैठौं राष्ट्रपति रनिङ सिल्डको प्रतिवेदन प्रस्तुत सम्बन्धमा

८. राजश्वको परामर्श समितिको प्रगति प्रतिवेदन सम्बन्धमा

९. रिक्त पदमा पदपुर्ती सम्बन्धमा

१०. वडा अध्यक्ष ज्यु भ्रमण सम्बन्धमा

११. विविध सम्बन्धमा

निर्णयहरू :

१. यस गाउँ कार्यपालिकाको ३६ औं कार्यपालिका बैठकमा भएका तकसेरा ऐतिहासिक जिवित संग्रहालय निर्माणको लागि डि.पि.आर गर्नको लागि आवश्यक बजेत कन्टेन्जेसीबाट व्यवस्था गर्ने लगायतका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ३७ औं कार्यपालिका बैठक प्रारम्भ गरियो ।

२. पुथा उत्तरगङ्गा गाउँपालिकामा आर्थिक वर्ष २०७९।०८० मा तपशिल बमोजिमका योजनाहरु संघीय समपुरक आयोजना सिफारिस गर्दा ३ वर्ष सम्म आउने गरी सिफारिस भएकोमा आगामी आर्थिक वर्ष २०८२।०८३ मा उक्त योजना र ३६ औं कार्यापलिकमा माग भएका योजनालाई माग गर्ने र विशेष अनुदान तर्फको क्रमागत योजना लाई स्थगित गरी ३६ औं कार्यपालिकामा भएको निर्णय बमोजिम योजना माग गरि राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिन

माग गर्ने समपूरक अनुदान

१. हुकाम काजरजङ पेल्मा सडक निर्माण वडा नं. ५ र २

स्थगित गर्ने विशेष अनुदान

१.प्रविधि मैत्री पूर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार परियोजना

३. योजनाहरु सम्बन्धमा

- पुथा उत्तरगङ्गा गाउँपालिका अनतरगत हुकाम मैकोट सडक खण्ड करिब १३.७ किलोमिटर सडकको आर्थिक वर्ष २०७९।०८० रु५० लाख र आर्थिक वर्ष ०८०।०८१ मा रु५० लाख गरि कुल १ करोडबाट करिब २४०० मिटर सडक निर्माण भइसकेको र चालु आर्थिक २०८१।०८२ मा प्रदेश सरकारबाट प्राप्त समपूरक योजनामा १ करोड ४० लाख विनियोजन भएकोमा उक्त सडक निर्माण उपभोक्ता समितिलाई दुई वटा खण्ड बनाई निर्माण कार्य गर्ने निर्णय अनुमोदन गरि सोही अनुरुप भुक्तानी गर्ने निर्णय गरियो ।
- तपसिल

१.हुकाम मैकोट सडक खण्ड ख (करिब२२००) - रु ७० लाख

२. हुकाम मैकोट सडक खण्ड ग (करिब२२००) - रु ७० लाख

- पुथा उत्तरगङ्गा गाउँपालिका हुकाम काजरजङ्ग पेल्मा सडक शिर्षकमा संघीय सरकारबाट प्राप्त सम्पूरक बजेतलाई गत आ.व. २०८०।०८१ मा निर्माण भएको सडकलाई स्तरोन्नति र नयाँ ट्रेक खोल्ने र काजरजङ्ग ठाकुर पर्यटन पदमार्ग निर्माण सम्बन्धि पुथा उत्तरगंगा गाउँपालिका प्रवक्ता तथा वडा नं. ५ का वडा अध्यक्ष टिकासाई घर्ती मगरले प्रस्तुत गरेको प्रतिवेदन अनुमोदन गरी उक्त योजनाहरु ढोरपाटन शिकार आरक्ष भित्र पर्ने भएको हुँदा टेण्डर खोल्न EIA स्वीकृत हुनुपर्ने तर आरक्ष भित्र EIA स्वीकृत नहुने भएकोले उक्त बजेत फ्रिज नफाल्न र पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. २ पेल्मा सडक सञ्जालको पहुँचमा नपुगेको र उक्त स्थानमा सडकको अति आवश्यक भएको हुँदा तपसिलका योजनाहरुलाई निर्माण उपभोक्ता समिति माफर्त कार्यन्वयन गर्ने निर्णय गरियो ।
    - हुकाम काजरजङ्ग स्तरोन्ती ११ किलोमिटर (खण्ड क)
    - काजरजङ्ग पेल्मा नयाँ ट्रेक निर्माण (खण्ड ग)
    - काजरजङ्ग-ठाकुर पर्यटन पदमार्ग निर्माण

४. पुथा उत्तरगङ्गा गाउँपालिका भित्र यातायातलाई सुलभ, सहज र व्यवस्थापन गर्न सवारी साधन संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१ लाई अनुमोदन गरी सावारी साधन संचालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**सवारी साधन संचालन तथा व्यवस्थापन समिति**

| | |
|---|---|
| ❖ पुनिराज घर्ती | संयोजक |
| ❖ नरपुरा बुढा पुन | सदस्य |
| ❖ ध्रुव वि.क. | सदस्य |
| ❖ राजकुमार सुनार | सदस्य |
| ❖ मल्ति पुन | सदस्य |
| ❖ सुरक्षा निकाय प्रतिनिधि | सदस्य |
| ❖ हिरामणि बुढा | सदस्य |
| ❖ इन्द्रजित गामी | सदस्य |
| ❖ ट्राफिक प्रतिनिधि | सदस्य |
| ❖ राजनितिक दल प्रतिनिधि | सदस्य |
| ❖ मैत्या घर्ती मगर | सदस्य |
| ❖ श्याम बुढा | सदस्य |
| ❖ बिजुली बुढा | सदस्य |
| ❖ सम्बन्धित शाखा प्रमुख | सदस्य |

५. पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को बेरुजु प्रतिवेदन कार्यपालिकामा प्रस्तुत तथ छलफल गरियो ।

६. पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १० मा रहेको गाउँपालिकाको मातहतमा रहेको पाहुना घरलाई थ व्यवस्थित गर्न पाहुना घर संचालन तथा व्यवथापन कार्यविधि निर्माण गरी सार्वजनिक खरिद ऐन बमोजि सञ्चालन गर्ने निर्णय गरियो ।

७. पुथा उत्तरगङ्गा गाउँपालिकामा २०८१।११।०१ गते देखि २०८१।११।०५ गतेसम्म सञ्चालित छैठौं राष्ट्रपति रनिङ शिल्ड सम्बन्धि पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख राम प्रसाद खड्का द्वारा प्रस्तुत प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो

८. पुथा उत्तरगङ्गा गाउँपालिका स्थानीय राजश्व समितिका संयोजक नरपुरा बुढा पुन द्वारा प्रस्तुत भएको आर्थिक वर्ष २०८१।०८२ को अर्धवार्षिक स्थानीय राजश्व प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

९. पुथा उत्तरगङ्गा गाउँपालिकामा रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा पदपुर्ती गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

- रोजगार सहायक १ जना
- फिल्ड सहायक १ जना
- कार्यालय सहयोगी १ जना

१०. पुथा उत्तरगङ्गा गाउँपालिका गाउँपालिका उपाध्यक्ष नरपुरा बुढा, वडा नं. ३ का वडा अध्यक्ष श्री बम बहादुर बुढा र वडा नं. १३ का वडा अध्यक्ष शिविसन श्रीपाली पशु पालन सम्बन्धी अध्ययन तथा अनुसन्धानको लागि दक्षिण कोरिया स्थित **Daegwallyeong Sheep Farm** भ्रमण गाउँ कार्यपालिकाले स्वीकृत गरी आवश्यक भ्रमण खर्च उपलब्ध बनाउने निर्णय गरियो ।

११. विविध सम्बधमा

- पुथा उत्तरगङ्गा गाउँपालिका अन्तरगत मैकोट-पेल्मा-हिम-गुडेबाङ-ठुले-पुपाल-शहरतारा शिर्षकमा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयबाट विनियोजित बजेट ठेक्का भईसकेको तर पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. २ को कार्यालयको मितिः २०८१।११।०२ गते च.न. १७६ को पत्र अनुसार दुविधा उत्तपन्न भएको भनि स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय लुम्बिनी प्रदेश,बुटवलको मिति २०८१।११।१२ गते च.न. ८५३ को पत्रको विषयमा छलफल हुँदा वडा नं.२ का वडा अध्यक्ष र सबै कार्यपालिका सदस्यले उक्त योजना ठेक्का बमोजिम नै कार्यन्वयन गर्न भनि सहमति जनाएको हुँदा सोही बमोजिम सिफारिस गर्ने निर्णय गरियो ।साथै चारगाउँ-खार्बाङ-अर्जल-रन्मामैकोट-पेल्मा-ढोरपाटन सडक निर्माण शिर्षकमा विनियोजित बजेट मैकोट-हार्दिबाङ- रन्मा खण्डमा कार्यन्वय गर्ने गरी ठेक्का प्रकिया अगाडी बढाइदिन भनि सिफारिस गर्ने निर्णय गरियो ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाको हुने पदपुर्ति परिक्षालाई चुस्ट दुरुस्ट गर्न शिक्षा,युवा तथा खेलकुद शाखाले तयार गरेको तपसिल बमोजिमको पाठ्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।
    - विद्यालय सहायक छनोट पाठ्यक्रम
    - बाल विकास सहायक छनोट पाठ्यक्रम
    - विद्यालय सहयोगी छनोट पाठ्यक्रम